# उच्च अदालत विराटनगर धनकुटा इजलास

वर्ष १ | अङ्क ४ | इ-बुलेटिन | साउन २०८२




सम्पर्कः- admin.hcidhankuta@supremecorut.gov.np

प्रकाशकः- उच्च अदालत विराटनगर धनकुटा इजलास

# उच्च अदालत विराटनगर धनकुटा इजलास

## वार्षिक समीक्षा कार्यक्रम सम्पन्न



मिति २०८२/०४/०१ गते बिहिबारका दिन उच्च अदालत विराटनगर धनकुटा इजलासको सभाहलमा आ.व.२०८१/०८२ को योजना हेर्ने माननीय न्यायाधीश श्री पूर्णेश्वरप्रसाद उपाध्यायज्यूको अध्यक्षतामा उच्च अदालत विराटनगर धनकुटा इजलास र मातहत जिल्ला अदालतहरुको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक समीक्षा कार्यक्रम सम्पन्न भएको छ। उच्च अदालत विराटनगर धनकुटा इजलासका वरिष्ठतम माननीय न्यायाधीश श्री देशबहादुर सार्कीज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा उच्च अदालत बिराटनगर धनकुटा इजलासका रजिष्ट्रार श्री राजकुमार दाहालले समीक्षा कार्यक्रमका सहभागीहरुलाई स्वागत गर्दै आ.व.२०८१/०८२ को वार्षिक कार्ययोजनाले निर्धारण गरे बमोजिमको लक्ष्य र सो अनुसार भएको प्रगतिका सम्बन्धमा तथ्यांक सहित सविस्तार प्रस्तुति राख्नु भएको थियो। जस अनुसार आ.व.२०८१/०८२ मा जिम्मेवारी सरेको मुद्दा संख्या ७३ र नयाँ दर्ता ३२८ गरी जम्मा मुद्दाको लगत ४०१ रहेकोमा जिम्मेवारी सरेर आएकोबाट सबै र नयाँ दर्ताबाट २९३ गरी जम्मा ३६६ थान मुद्दा फछ्र्यौट भई बाँकी मुद्दा संख्या ३५ थान रहेको तथा कुल ९१.२७ प्रतिशत मुद्दा फछ्र्यौट भएको तथ्यांक उहाँले प्रस्तुत गर्नु भयो। वार्षिक समीक्षा कार्यक्रममा मातहतका जिल्ला अदालतहरु भोजपुर जिल्ला अदालतका श्रस्तेदार श्री मोहन घिमिरे, धनकुटा जिल्ला अदालतका तसिलदार श्री यामकुमार खड्का, संखुवासभा जिल्ला अदालतका श्रेस्तेदार श्री भरतमणि पोखरेल र तेह्रथुम जिल्ला अदालतका श्रेस्तेदार श्री ऋतु राईले आ-आफ्नो अदालतको आ.व.२०८१/०८२ को वार्षिक कार्ययोजनाले निर्धारण गरेको लक्ष्य तथा प्रगतिका सम्बन्धमा तथ्यांकगत प्रस्तुति राख्नु भएको थियो। जस अनुसार चारवटा जिल्ला अदालतहरुको लगत, फछ्र्यौट, फछ्र्यौट प्रतिशत र बाँकी लगत विवरण तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.स. | अदालत | कुल लगत | फछ्र्यौट | फछ्र्यौट प्रतिशत | बाँकी लगत |
|---|---|---|---|---|---|
| १ | उच्च अदालत विराटनगर धनकुटा इजलास | ४०१ | ३६६ | ९१.२७ | ३५ |
| २ | भोजपुर जिल्ला अदालत | ४९२ | ३४१ | ६९.३० | १५१ |
| ३ | धनकुटा जिल्ला अदालत | ७३८ | ५३१ | ७१.९५ | २०७ |
| ४ | संखुवासभा जिल्ला अदालत | ५९९ | ४२५ | ७२.०३ | १६५ |
| ५ | तेह्रथुम जिल्ला अदालत | ४९९ | ३९९ | ७७.२२ | १०० |

उक्त वार्षिक समीक्षा तथा अन्तरक्रिया कार्यक्रममा धनकुटा जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश श्री नारायणप्रसाद पराजुली, भोजपुर जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश श्री तीर्थराज के.सी., संखुवासभा जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश श्री ध्रुवराज त्रिपाठी, तेह्रथुम जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश श्री भीमबहादुर निरौला, तहसिलदार शिव बुढाथोकी, उच्च अदालत विराटनगर धनकुटा इजलासका वैतनिक कानून व्यवसायी

श्री ठाकुरप्रसाद बराल, इजलास अधिकृतहरु, अन्य कर्मचारीहरु, सुरक्षाकर्मीहरु, सवारी चालकहरु लगायतको उपस्थिति रहेको सो कार्यक्रममा सहभागीहरुको तर्फवाट धनकुटा जिल्ला अदालतका माननीय न्यायाधीश श्री नारायणप्रसाद पराजुलीले संक्षिप्त मन्तव्य राख्नु भएको थियो। उच्च अदालत विराटनगर धनकुटा इजलासका शाखा अधिकृत/सुपरिवेक्षक/प्रशासन शाखा प्रमुख/सूचना अधिकारी श्री ललितकुमार वि.के.ले संचालन गर्नु भएको उक्त वार्षिक समीक्षा कार्यक्रममा प्रमुख अतिथि उच्च अदालत विराटनगर धनकुटा इजलासका वरिष्ठतम माननीय न्यायाधीश श्री देशबहादुर सार्कीज्यूले निर्देशनात्मक सारगर्भित संक्षिप्त मन्तव्य राख्नु भएको थियो भने कार्यक्रमको अध्यक्षता गर्नु भएका उच्च अदालत विराटनगर धनकुटा इजलासका योजना हेर्ने माननीय न्यायाधीश श्री पूर्णेश्वरप्रसाद उपाध्यायज्यूले समीक्षा तथा अन्तरक्रियामा उठेका प्रश्नहरुको जवाफ सहित सारगर्भित मन्तव्य राख्दै कार्यक्रम समापन भएको घोषणा गर्नु भएको थियो।



## पूर्ण बैठक सम्पन्न

मिति २०८२/०४/०१ गते बिहिबारका दिन यस इजलासका वरिष्ठतम माननीय न्यायाधीशज्यूको कार्यकक्षमा वरिष्ठतम माननीय न्यायाधीश श्री देशबहादुर सार्कीज्यूको अध्यक्षतामा यस इजलासको पूर्ण बैठक सम्पन्न भयो। सदस्य एंव माननीय न्यायाधीश श्री पूर्णेश्वरप्रसाद उपाध्यायज्यू, सदस्य सचिव एवं रजिष्ट्रार श्री राजकुमार दाहाल्यूको उपस्थिति रहेको उक्त वैठकबाट चालू आ.व.२०८१/०८२ को वार्षिक प्रतिवेदन र आ.व.२०८२/०८३ का लागि वार्षिक कार्ययोजना प्रारम्भिक मस्यौदा तयारी समितिले यस इजलासको चालू आ.व.२०८१/०८२ को मुद्दागत लगायत समग्र तथ्य एवं कामको अध्ययन तथा विश्लेषणका साथ तयार पारी वार्षिक कार्ययोजना तर्जुमा कार्य समिति समक्ष पेश गरेको यस इजलासको आगामी आ.व.२०८२/०८३ को वार्षिक कार्ययोजनाको मस्यौदा उपर उक्त कार्य समितिमा छलफल र परिमार्जन पश्चात पारित भई यस पूर्ण बैठक समक्ष पेश हुन आएको आगामी आ.व.२०८२/०८३ को वार्षिक कार्ययोजना र चालु आ.व.२०८१/०८२ को वार्षिक प्रतिवेदन उपर आवश्यक छलफल गरी पारित गर्ने निर्णय गरिएको थियो भने उक्त बैठकमा यस इजलासका शाखा अधिकृत/सुपरिवेक्षक/प्रशासन प्रमुख/सूचना अधिकारी श्री ललित कुमार वि.के., इजलास अधिकृत श्री कुबेर लिम्बू र सिनियर ईलेक्ट्रिसियन श्री हरिप्रसाद रिजाल आमन्त्रितको रुपमा सहभागी हुनु भएको थियो।

## फेरि भेटौंला कार्यक्रम सम्पन्न

मिति २०८२/०४/२० गते मंगलबारका दिन यस अदालतका वरिष्ठतम वरिष्ठतम माननीय न्यायाधीश श्री देशबहादुर सार्कीज्यूको अध्यक्षतामा यस इजलासबाट बारा जिल्ला अदालतको श्रेस्तेदारको रुपमा सरुवा भई जानु भएका रजिष्ट्रार श्री राजकुमार दाहालज्यूको फेरि भेटौंला कार्यक्रम सम्पन्न भयो। माननीय न्यायाधीश श्री पूर्णेश्वरप्रसाद उपाध्यायज्यू, धनकुटा जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश श्री नारायणप्रसाद पराजुलीज्यू, उच्च सरकारी वकिल कार्यालय

धनकुटाका सहन्यायाधिवक्ता श्री शारदा राउत, धनकुटा जिल्ला अदालतका श्रेस्तेदार श्री उज्वल न्यौपाने, तहसिलदार श्री याम कुमार खड्का, उच्च सरकारी वकिल कार्यालय धनकुटाका सहायक न्यायधिवक्ता श्री अवसर मादेन, यस अदालतका इजलास अधिकृतद्वय श्री कुबेर लिम्बू र श्री कान्तिमती निरौला, राजपत्रअनंकित तथा श्रेणी विहीन




कर्मचारीहरु, सुरक्षाकर्मी तथा सवारी चालकहरु लगायतको कार्यक्रममा उपस्थिति रहेको थियो। कार्यक्रममा रजिष्ट्रार श्री राजकुमार दाहालज्यूले यस अदालतमा रहँदा बस्दाको कार्यानुभव सहितको मन्तव्य राख्नु भएको थियो भने माननीय न्यायाधीश श्री पूर्णेश्वरप्रसाद उपाध्यायज्यू, माननीय जिल्ला न्यायाधीश श्री नारायणप्रसाद पराजुलीज्यू, सहन्यायाधिवक्ता श्री शारदा राउतज्यूले शुभकामना मन्तव्य राख्नु भएको थियो। कार्यक्रममा सरुवा हुनु भएका रजिष्ट्रारज्यूलाई कार्यक्रमको अध्यक्षता ग्रहण गरिरहनु भएका माननीय न्यायाधीश श्री देशबहादुर सार्कीज्यूले मायाको चिनो, माननीय न्यायाधीश श्री पूर्णेश्वरप्रसाद उपाध्यायज्यूले खादा टीका, माननीय जिल्ला न्यायाधीश श्री नारायणप्रसाद पराजुलीज्यूले मायाको चिनो, निमित्त रजिष्ट्रार श्री ललित कुमार वि.के.ले रमाना पत्र, खादा, फूल टिका प्रदान गर्नुका साथै अन्य उपस्थित सबैले सरुवा भएर जान लाग्नु भएका रजिष्ट्रारज्यू र उहाँकी धर्मपत्नी शीला निरौलाज्यूलाई खादा/फूल टीका प्रदान गर्नु भएको थियो। औपचारिक रुपमा गरिएको उक्त कार्यक्रमको संचालन यस अदालतका शाखा अधिकृत तथा प्रशासन प्रमुख श्री ललितकुमार वि.के.ले गर्नु भएको थियो भने कार्यक्रमको अन्त्यमा अध्यक्षता ग्रहण गरिरहनु भएका माननीय न्यायाधीश श्री देशबहादुर सार्कीज्यूले आफ्नो सारगर्भित मन्तव्य सहित सरुवा भएर जान लाग्नु भएका रजिष्ट्रारज्यूलाई शुभकामना व्यक्त गर्दै कार्यक्रम समापन भएको घोषणा गर्नु भएको थियो।



राजकुमार दाहाल
श्रेस्तेदार
बारा जिल्ला अदालत

# घरेलु हिंसा र नेपालमा यस सम्बन्धमा भएका कानूनी ब्यवस्था

**बिषय प्रवेश**

सामन्यतया हिंसा भन्नाले कुनै ब्यक्ति वा समूहले कुनै व्यक्ति वा समूहलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना भन्ने बुझिन्छ। यही बिषय घरभित्र मात्र हुनपुग्यो भने त्यसलाई घरेलु हिंसा भनिन्छ।

घरेलु हिंसाका सम्बन्धमा Black's Law Dictionary मा Domestic violence means violence between members of household use spouse, an assault or the violent act committed by one member of household against another. भनेर भनिएको छ।

परम्परागत रुपमा घरेलु हिंसालाई वैयक्तिक, निजी, पारिवारिक वा घरभित्रको आन्तरिक मामिलाको रुपमा लिने गरिन्थ्यो तर अव यो पारिवारिक मामिला मात्र रहेन। यो विषय अपराधको रुपमा स्थापित भइसकेको छ र राष्ट्रिय एवं अन्तर्राष्ट्रिय कानूनले यसलाई नियमित र व्यवस्थित गर्न प्रारम्भ गरेका छन्। सामान्यतया घरेलु हिंसा सम्बन्ध विच्छेद, बहुविवाह, बालविवाह, दाइजो प्रथा, कुटपीट, गालीगलौज, अपहेलना, यातना, तिरस्कार, बोक्सीको आरोप, जवर्जस्ती करणी, वैवाहिक करणी, विधवा प्रथा, घुम्टो प्रथा, अनमेल विवाह, छाउपडी प्रथा, वादी प्रथा र देउकी प्रथा आदिबाट सृजना हुने गर्दछ। घरेलु हिंसालाई महिलामाथि हुने हिंसाको रुपमा पनि लिने गरिन्छ तर आज घरेलु हिंसाले महिला हिंसामात्र बुझाउँदैन यसले त घरभित्र हुने सबै प्रकारका हिंसालाई समेट्छ। महिला होस वा पुरुष, जो घरभित्रको हिंसामा परेको होस् यसलाई समेत घरेलु हिंसाको परिभाषाभित्र समेट्न सकिन्छ।

सामाजिक इज्जत, प्रतिष्ठा तथा घरपरिवारको डरका कारण सकेसम्म महिलाहरु आफूमाथिका हिंसाका घटना बाहिर ल्याउन चाहँदैनन्। अझ घरेलु हिंसाविरुद्धको उजुरीमा महिलाहरुले ठूलो त्रास खेप्नुपर्ने स्थिति छ। त्यसैले समाधानको

कुनै विकल्प नभेटिएपछि मात्र यस्ता घटना सार्वजनिक हुने गरेको पाइन्छ। यद्यपि विगतको तुलनामा अहिले महिला हिंसाका घटनामा उजुरी गर्ने क्रममा वृद्धि भएको छ। घरेलु हिंसाले पीडितलाई मानसिक र शारीरिक क्षति पुर्‍याउँछ। पहिले पहिले घरेलु हिंसालाई सामान्य रुपमा हेरिन्थ्यो। जन चेतनाको विकाससँगै घरेलु हिंसा सामाजिक कुरीति, अन्धविश्वास हो भन्ने कुराको चेतना भयो। राष्ट्रिय कानून र अन्तर्राष्ट्रिय दस्तावेजले समेत घरेलु हिंसालाई कसूरको विषय बनायो। यद्यपी घरेलु हिंसा घट्न सकेको छैन। अशिक्षित, गरिब, पिछडिएको क्षेत्रमा यसको मात्रा बढी छ।

घरेलु हिंसा नेपालको सन्दर्भमा नयाँ फौजदारी विधिशास्त्रीय धारणा हो। नेपालमा पहिले यो व्यक्तिगत विषय मात्र थियो जसमा राज्यको हस्तक्षेप हुँदैन भन्ने धारणा थियो। नेपाली समाज अधिक रुपमा हिन्दु विधिशास्त्रीय दर्शनबाट प्रभावित भएको पाइन्छ। यँहा महिलालाई दोस्रो श्रेणीको वर्गमा हेरिने गरिन्थ्यो। समयानुक्रमको विकाससँगै महिलामाथि हुने हिंसालाई समाज विरुद्धको अपराधको संज्ञा दिइन थालियो र दण्डसजायको व्यवस्था गरियो।

*ऐतिहासिक पृष्ठभूमिः*

समाजशास्त्रीय तथा मानवशास्त्रीय दृष्टिकोणमा हिंसा, सामाजिक व्यवस्था र संरचनाको उपजको रुपमा लिइन्छ। यो पारिवारिक स्थानीय, राष्ट्रिय सबै तहमा देख्न सकिन्छ। राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक संरचनाले समाजमा हिंसा बढेको छ। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६[1] लेसमेत घरेलु हिंसा नियन्त्रणका लागि आवश्यक पर्ने अधिकारहरु संरक्षण गरेको छ। सो अनुबन्धमा भनिएको छः "प्रत्येक व्यक्तिलाई जीवनको अधिकार हुनेछ। कानूनद्वारा त्यस्तो अधिकारको संरक्षण गरिनेछ र स्वेच्छेचारी रुपले कसैको पनि जीवन हरण गरिने छैन (धारा ६)। त्यसैगरी कसैलाई पनि यातना दिइने तथा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन (धारा ७)।"

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि, (CEDAW)१९७९[2] ले सो महासन्धिका पक्ष राष्ट्रले महिलाको पूर्ण विकास तथा प्रवर्द्धन सुनिश्चित गरी पुरुष सरह समानताको आधारमा मानवअधिकारको उपयोग गर्नका लागि राजनीतिक, सामाजिक, आर्थिक एवं सांस्कृतिक क्षेत्रका कानूनी व्यवस्था लगायत सम्पूर्ण कदमहरु चाल्ने व्यवस्था गरेको थियो।

नेपालको कानुनी इतिहास हेर्दा प्राचिन र मध्यकाल हिन्दू धर्मशास्त्रमा आधारित थियो। स्त्री हत्या, ब्रह्महत्या जस्ता हत्यालाई पापको रुपमा हेर्ने गरिन्थ्यो र त्यसको सजाय ईश्वरले गर्छन भनी विश्वास गरिन्थ्यो। महिलाहरुलाई देवीको रुपमा हेर्ने गरिन्थ्यो। महिलाको हत्या हिंसा गरेमा ईश्वरले दण्ड गर्छन भन्ने विश्वास र मान्यता राखिन्थ्यो। त्यस समय घरेलु हिंसा कानूनी दायरा भित्र नभई व्यक्तिगत मामिलाको विषय थियो। पछि आएर वि.सं. १९१० को मुलुकी ऐन र वि.सं. २०२० को नयाँ मुलुकी ऐन लागू भएपछि घरेलु हिंसाका कसूर लाई कुटपिट, गालिवेइज्जती जस्ता अपराध मानी सोही

[1] International Covenant on Civil and Political Rights (16 Dec. 1966), 999 UNTS 171

[2] Convention on the Elimination of All Forms of Discrimination Against Women (18 Dec. 1979), GA Resolution 34/180

अनुरुप सजाय गर्ने गरिन्थ्यो। त्यसबाट मात्र घरेलु हिंसाका सम्बन्धमा प्रभावकारी रुपमा संबोधन हुन नसकेकोले घरेलु हिंसाका सम्बन्धमा पीडकलाई सजाय र पीडितलाई न्याय दिलाउन छुट्टै कानूनको आवश्यकता महशूस गरियो। तत्पश्चात घरेलु हिंसा (कसूर तथा सजाय) ऐन, २०६६ पारित भई कार्यान्वयनमा आयो ।

संबैधानिक तथा कानूनी व्यवस्था

**नेपालको संबिधान**

संविधानमा गरिएका मौलिक हकका व्यवस्थाहरुले घरेलु हिंसाको विरुद्धमा सुरक्षा प्रदान गरेको छ। नेपालको संविधान को धारा १६ मा सम्मानपूर्वक बाँच्न पाउने हकको व्यवस्था गरिएको छ र कसैलाई पनि मृत्युदण्डको सजाय दिने गरी कानून बनाइने छैन र त्यस्तै धारा १७ मा कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण हुने छैन भनि व्याख्या गरिएको छ।

त्यसैगरी धारा २१ मा अपराध पीडतिको हक र धारा २२ मा यातना विरुद्धको हकको व्यवस्था गरिएको छ। यसैगरी संविधानको धारा २९ मा शोषण विरुद्धको हकको प्रत्याभूति गरिएको छ। जसमा भनिएको छ (१) प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ। (२) प्रथा, परम्परा र प्रचलनको नाममा वा कुनै पनि किसिमको कसैलाई शोषण गर्न पाइने छैन। (३) मानिसलाई बेच-बिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन। (४) कसैलाई पनि निजको इच्छा विरुद्धमा काममा लगाउन पाइने छैन। यो व्यवस्थाले कुनै पनि रुपमा शोषण गर्न नपाउने कुराको प्रत्याभूति गरेको छ जसमा घरेलु हिंसा गर्न नपाइने विषयसमेत समेटिने देखिन्छ।

साथै नेपालको संविधान, धारा ३८ मा महिला हकको व्यवस्था गरिएको छ जसमा भनिएको छ, प्रत्येक महिलालाई लैङ्गिक भेदभाव बिना समान वंशीय हक हुनेछ र महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन। त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक समेत हुने व्यवस्था उल्लेख गरिएको छ।संविधानको धारा २५२ मा राष्ट्रिय महिला आयोगको समेत व्यवस्था छ ।

**घरेलु हिंसा (कसूर तथा सजाय) ऐन, २०६६**

प्रत्येक व्यक्तिको सुरक्षित र सम्मानजनक तवरले बाँच्न पाउने अधिकारको सम्मान गर्दै घर परिवारभित्र वा घर परिवारसँग गाँसिएर हुने हिंसाजनक कार्यलाई दण्डनीय बनाई त्यस्तो कार्य नियन्त्रण गर्न तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गरी न्याय प्रदान गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न जारी भएको यो ऐनमा जम्मा १७ वटा दफाहरु रहेका छन् जसका विशेषता तल उल्लेख गरिएको छ।

घरेलु हिंसाः कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना घरेलु हिंसा हो। त्यसका अतिरिक्त उक्त सम्बन्धभित्र एकले अर्कोको भावनामा चोट पुर्‍याउने वा गाली गर्ने कार्यसमेत समावेश गरिएको छ।

घरेलु सम्बन्धः वंशज, विवाह, धर्मपुत्र, धर्मपुत्री भएको वा संयुक्त परिवारका सदस्य, आश्रित वा कामदारको रुपमा एकै परिवारमा बसेको व्यक्तिहरु बीचको सम्बन्ध वा सँगै बसेका जोडी वा अंश लिई वा नलिई भिन्न बसेका पति वा पत्नीको सम्बन्धसमेतलाई जनाउँछ।

यातनाः ऐनले मानसिक यातना अन्तर्गत शारीरिक यातनाको डरधाक, धम्की, त्रासपूर्ण व्यवहार, गाली गलौज, झुठ्ठा बात लगाउने, घरबाट निकाला गर्ने, शारीरिक, मानसिक, यौनजन्य, आर्थिक यातना या दाइजो माग गर्ने कार्यलाई समावेश गरेको छ।

घरेलु हिंसाबाट पीडित आफैंले वा भैरहेको वा हुन लागेको थाहा पाउने जो कोहीले सो विवरण खुलाई प्रहरी कार्यालय, राष्ट्रिय महिला आयोग वा स्थानीय निकाय मा उजुरी गर्न सक्ने व्यवस्था छ। त्यस्तो उजुरी लिखित रुपमा वा मौखिक रुपमा हुनुपर्ने र त्यसको लिपिवद्ध गरी सहीछाप गरी दर्ता गर्नुपर्दछ भन्ने उल्लेख छ।

घरेलु हिंसा भएको, भैरहेको वा हुन लागेको थाहा पाउने व्यक्तिले सो सम्बन्धी विवरण खुलाई लिखित वा मौखिक उजुरी दिएपछि मौखिक उजुरीलाई लेखवद्ध गरी दर्ता गरेपछि आफूकहाँ दर्ता भएकोमा प्रहरी कार्यालयले बाटोको म्याद बाहेक चौबिस घण्टाभित्र पीडकलाई झिकाई र अटेर गरे पक्राउ गरी तुरुन्त बयान गराउनुपर्ने, स्थानीय निकाय वा महिला आयोगमा दर्ता भएको उजुरी सम्बन्धमा पीडकलाई पक्राउ गर्न अनुरोध भई आएमा पक्राउ गरी दाखिल गराई दिनुपर्ने व्यवस्था देखिन्छ।

घरेलु हिंसा प्रहरी कार्यालय वा राष्ट्रिय महिला आयोग वा स्थानीय निकाय वा अदालत समेतमा सोझै उजुर गर्नसक्ने ब्यवस्था गरेको छ।

पीडितलाई सुरक्षा प्रदान गर्न वा उपचारको क्रममा अलग्गै बस्ने व्यवस्थाका लागि सेवा केन्द्रको स्थापना गर्न सकिने र सेवा केन्द्रले आवश्यकताअनुसार पीडितलाई कानूनी सहायता, मनोविमर्श सेवा, मनोवैज्ञानिक सेवा र आर्थिक सहायता उपलब्ध गराउन सक्ने भन्ने व्यवस्था सो ऐनले गरेको छ।

उजुरीको प्रारम्भिक छानबिनबाट पीडितलाई तत्काल संरक्षण दिन आवश्यक देखिएमा अदालतले उजुरीको अन्तिम निर्णय नभएसम्मको लागि पीडकका नाममा अन्तरिम संरक्षात्मक आदेश जारी गर्न सक्छ।

घरेलु हिंसाको कसूर सम्बन्धमा पीडिले अनुरोध गरेमा उजुरी सम्बन्धी कारवाही सुनुवाई अदालतले बन्द इजलासमा गर्नुपर्ने, बन्द इजलासमा कारवाही र सुनुवाई हुँदा मुद्दाका पक्ष विपक्ष, निजका कानून व्यवसायी र अदालतले दिएका व्यक्ति मात्र त्यस्तो इजलासमा प्रवेश गर्न सक्ने व्यवस्था गरिएको छ।

ऐनको दफा १३ मा सजायको व्यवस्था गरिएको छ ।यो ऐनमा घरेलु हिंसा गर्ने व्यक्तिलाई तीन हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुबै सजाय हुने, मतियारलाई वा उद्योगको कसूरमा आधा सजाय हुने, घरेलु हिंसाको सजाय पाइसकेको व्यक्तिले पुनः सोही कसूर गरेमा पटकैपिच्छे दोब्बर सजाय हुने, सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको कुनै व्यक्तिले घरेलु हिंसाको कसूर गरेमा निजलाई थप दश प्रतिशत सजाय हुने,

संरक्षात्मक आदेशको पालना नगर्नेलाई घरेलु हिंसा गरेको हाराहारीमा जरिवाना र कैद वा दुबै सजाय हुने व्यवस्था गरेको छ। त्यसैगरी अदालतले दिएको अन्तरिम संरक्षणात्मक आदेशको पालना नगरेमा त्यस्तो व्यक्तिलाई दुई हजार देखि पन्ध्रहजार रुपैयाँसम्मको जरिवाना वा चार महिनासम्म कैद वा दुबै सजाय हुने व्यवस्था गरेको पाइन्छ।

पीडितले चाहेमा कानून व्यवसायी राख्न सक्ने अन्यथा निःशुल्क कानूनी सहायता उपलब्ध गराउने (दफा १२ ख) जसमा नेपाल सरकार वादी हुने (दफा १२ ग) र उपचारको रकम पीडकले व्यहोर्ने व्यवस्था रहेको छ। दफा १० मा क्षतिपूर्ति दिलाउने व्यवस्था रहेको छ ।

पीडितलाई तत्काल सुरक्षा प्रदान गर्न तथा उपचारको क्रममा अलग्गै बस्ने व्यवस्थाको लागि सरकारले आवश्यकताअनुसारको सेवा केन्द्रको स्थापना गर्न सक्ने, त्यस्तो सेवा केन्द्र स्वीकृति लिई कुनै संस्थाले पनि स्थापना वा सञ्चालन गर्न सक्ने व्यवस्था रहेको छ।

घरेलु हिंसा नियन्त्रणको लागि महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, अन्य सरकारी निकाय वा गैरसरकारी संस्थाले घरेलु हिंसा विरुद्ध चेतनामूलक कार्यक्रम सञ्चालन गर्न वा गराउन सक्ने सम्मको सीमित दायराको व्यवस्था गरेको छ। सो ऐनको व्यवस्था कार्यान्वयनका लागि घरेलु हिंसा (कसूर तथा सजाय) नियमावली, २०६७ समेत जारी भएको छ।

## न्यायिक अभ्यास

नेपाल धेरै अन्तर्राष्ट्रीय सन्धिहरुको पक्ष राष्ट्र भईसकेको र कानुनी रुपमा समेत घरेलु हिंसालाई संबोधन गर्न लागेको परिप्रेक्षमा सर्वोच्च अदालतबाट भएका प्रयासहरु महत्वपुर्ण छन। समाज, घर एवं परिवारमा घट्ने वा घटाउन लगाइएका घरेलु हिंसा जुन अदालतको दायरामा आएका छन् र जसलाई देशको सर्वोच्च न्यायिक निकाय सर्वोच्च अदालतबाट व्याख्या गरिएका र प्रतिपादित न्यायिक सिद्धान्तहरुको विशेष भूमिका रहेको छ। अहिलेसम्म भएका केही प्रतिनिधिमूलक आदेशहरुमा उल्लेख भएका केही सान्दर्भिक अंशहरु देहायमा उल्लेख गरिएको छः

**अधिवक्ता ज्योति पौडेल विरुद्ध नेपाल सरकारसमेत**[3] भएको यो रिटमा सर्वोच्च अदालते घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ को विभिन्न पक्षको विवेचना गरेको छ। उक्त आदेसमा "जबसम्म महिला पुरुषभन्दा Inferior भन्ने कुरालाई शिक्षालगायत कानूनी एवं अन्य चेतनाको माध्यमबाट समाजमा Awareness Create गरी त्यस्तो काम सोच बिचार परम्परा प्रचलन र मान्यतालाई Abolish गरिदैन र Criminalize गर्रिँदैन तबसम्म महिलाविरुद्ध हुने भेदभाव अन्त्य नहुने हुँदा CEDAW द्वारा व्यवस्थित कुरा समेत समावेश भएको कानून बनाउनु पर्ने ।कुनै महासन्धिमा पक्ष बनेपछि नेपालले आफ्नो Treaty Obligation बाट Derogate गर्न सक्तैन । महासन्धि वा सन्धिका पक्ष बनेपछि महासन्धि वा सन्धिका व्यवस्था अक्षरसः Good Faith मा लागू गर्नुपर्ने।" भनी उल्लेख गरिएको छ।

[3] ने.का.प. २०६६, अङ्क १२, नि.नं. ८२८२

**शर्मिला पराजुलीसमेत विरुद्ध मन्त्रिपरिषद् सचिवालयसमेत**[4] भएको रिटमा सर्वोच्च अदालतले यौन दुर्व्यवहारका विरुद्धमा कानून बनाउन सरकारलाई निर्देशित गरेको छ। सो आदेशमा भनिएको छः "... **यौनजन्य दुर्ब्यवहार सम्वन्धमा यसका** सवै पक्षलाई समेट्ने गरी जो जस्तो आवश्यक पर्ने हुन्छ अध्ययन गरी गराई उपयुक्त कानून निर्माणको लागि आवश्यक व्यवस्था एवं पहल गर्नु भनी विपक्षीका नाउँमा निर्देशनात्मक आदेश जारी हुने ।"

**नरबहादुर आचार्यसमेत विरुद्ध रुकमणीदेवी शाह**[5] भएको खानलाउन दिलाई पाउँ भन्ने मुद्दामा समाजमा लैङ्गिक र घरेलु हिंसाको कारणबाट महिला पीडित हुने गरेको सन्दर्भमा सर्वोच्च अदालतले व्याख्या गर्दै भनेको छः "... कानूनद्वारा निषेधित कार्य गर्ने छूट कसैलाई हुँदैन । सम्बन्धित श्रमिक कर्मचारीले आरोपित कार्य गर्यो् गरेन र गरेको भए विधिसम्मत् प्रक्रियाअनुसार कारवाहीको उठान भए भएनन् र कानूनले तोकेको सजाय भयो वा भएन न्यायिक अधिकारीले हेर्नुपर्ने । स्पष्टीकरण सोध्दा कानूनको दफाकै उल्लेखन आवश्यक पर्दैन । कानूनमा भएको व्यहोराको उल्लेखन भएमा सो दफा लेखिए सरहकै अवस्था मान्नु पर्ने । कुटपीट गरेको भनी स्वीकार गरेको अवस्थामा घा जाँच भएन भनेर कुटपीट नभएको अर्थ गर्नु अनुचित र आग्रहयुक्त हुने ।" भन्ने सिध्दान्त प्रतिपादन भएको छ ।

## समस्या तथा समस्या समाधानका उपायः

### *समस्याहरुः-*

नेपालमा घरेलु हिंसालाई कसूरको रुपमा परिभाषित गरिएको छ। स्थानीय स्तरमा नै उपचार प्राप्त हुन सक्ने गरी उजुरीका लागि फराकिलो व्यवस्था गरिएको छ। नेपालले पछिल्लो समयमा आएर मानवअधिकारसम्बन्धी महत्त्वपूर्ण अन्तर्राष्ट्रिय दस्तावेजहरुप्रति आफ्नो प्रतिवद्धता जनाएको छ तर अपेक्षित रुपमा घरेलु हिंसा नियन्त्रण गर्न सकिरहेको छैन। यस सम्बन्धमा देखिएका चुनौतीहरु यस प्रकार व्याख्या गर्न सकिन्छ।

घरेलु हिंसा (कसूर तथा सजाय) ऐन,२०६६ ले घरेलु हिंसा विरुद्धमा उजुरी गर्ने व्यवस्था त गरेको छ तर कसूरको अनुसन्धानका लागि विशेष निर्देशन गर्न सकेको छैन। ऐनको प्रभावकारी कार्यान्वयन हुन नसक्दा अझै पनि घरेलु हिंसाका घटनाहरु बारम्बार घटिरहेको पाइन्छ। नियन्त्रण गर्ने विषयमा सरोकारवालाहरुलाई समुचित रुपमा सशक्तिकरण गर्न सकिएको छैन।

पीडकबाट पीडितलाई क्षतिपूर्ति भराउने विषयमा अझै पनि धेरै अस्पष्टता रहेको पाइन्छ। क्षतिपूर्ति भराउने मापदण्ड र स्पष्ट कार्यविधिकोसमेत अभाव रहेको छ। अझै पनि ठूलो संख्यामा घरेलु हिंसाका घटनाहरु सार्वजनिक भएका छैनन्। त्यसउपर उजुर पर्ने गरेको छैन।

---

[4] ने.का.प. २०६१, अङ्क १०, नि.नं. ७४४९

[5] ने.का.प. २०६९, अङ्क ५, नि.नं. ८८२२

उजुरी लिने निकायहरुमा पनि यो विषयलाई सम्बोधन गर्न स्रोत, साधन र दक्ष जनशक्तिको अभाव रहेको अवस्था छ र भएका जनशक्तिमा पनि संवेदनशीलताको अभाव रहेको देखिँदै आएको छ। घरेलु हिंसा सम्बन्धी विषय न्यायसम्पादन प्रक्रियाको प्राथमिकतामा पर्न सकेको छैन। यस्ता विवादको निरुपणका लागि पारिवारिक अदालत वा फास्ट ट्र्याक कोर्टको व्यवस्था हुन सकेको छैन।

*समस्या समाधानका उपाय:*

माथि उल्लेख गरिएका समस्या र चुनौती निक्यौंल गर्नका लागि तल उल्लिखित उपायहरु अपनाउन सकिन्छः

कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न एवं कार्यान्वयनमा एकरुपता कायम गर्नका लागि आवश्यक मार्गदर्शन र निर्देशिकाहरु जारी गर्न सकिन्छ। सम्बद्ध सरोकारवाला निकायको संलग्नतामा त्यस्ता मार्गदर्शन, निर्देशिका एवं कार्य सञ्चालन विधि (Standard Operation Procedure, SOP) तयार गरिनु पर्दछ।

घरेलु हिंसा नियन्त्रणसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डअनुसार राष्ट्रिय कानूनको पुनरावलोकन गरिनु पर्दछ। अन्य देशले गरेका अभ्यासहरुबाट पनि कानूनको पुनरावलोकन गर्न सहज हुन सक्छ।

कानून कार्यान्वयन निकायहरु बीच प्रभावकारी समन्वयको विकास गरिनु पर्दछ। सरकारी, गैर सरकारी एवं निजी क्षेत्र र नागरिक समाजको सहभागितामा सामाजिक सचेतना विस्तार र राजनीतिक सशक्तिकरण कार्यक्रम सञ्चालन गरिनु पर्दछ।

घरेलु हिंसाको प्रकृति एवं यसको कारवाही र किनारा छिटोछरितो रुपमा Fast Track Court मार्फत गर्नुपर्ने आवश्यकता हुँदा यस्ता विवाद सुनुवाइका लागि पारिवारिक अदालतको पनि स्थापना गरिनुपर्ने देखिन्छ।

घरेलु हिंसा पीडितको संरक्षण र उपचारका लागि हरेक जिल्लामा सम्बन्धित सरोकारवाला निकायका प्रतिनिधिहरुसमेत रहेको तत्काल सहायता समूह (Rapid Relief Team) गठन गर्नु उपयुक्त हुन्छ।

घरेलु हिंसा नियन्त्रणमा नागरिक समाजले सचेतना र सशक्तिकरण कार्यक्रमहरुमा अगुवाको भूमिका निर्वाह गरी प्रभावकारी र दीगो उपस्थिति जनाउन सक्दछ।

जिल्ला स्थित महिला तथा बालबालिका सम्बन्धी कार्यालयलाईसमेत घरेलु हिंसा विरुद्धमा क्रियाशील गराउने गरी कानूनी नीतिगत व्यवस्था गर्नु उपयुक्त हुन्छ।

घरेलु हिंसामा Zero Tolerance को अपनाउनु पर्दछ।

## निश्कर्ष

वास्तवमा घरेलु हिंसालाई हेर्ने सम्बन्धमा दुईवटा परस्पर बाझिने विचारधाराहरू देखन सकिन्छः पहिलो फौजदारी कानूनको दायराभित्र ल्याइनु हुँदैन भन्ने मान्यता। यस मान्यताका विचारकहरू घरेलु हिंसालाई अपराधको नाम दिई यसलाई फौजदारी

कानूनको दायराभित्र ल्याइनु हुँदैन भन्ने विचार राख्छन्। उनीहरू मिलापत्र, परामर्श, मध्यस्थता आदिको माध्यमद्वारा यस समस्याको समाधान गरिनु पर्दछ र यसका निमित्त बल पुग्ने प्रकृतिको कानूनको संरक्षणात्मक भूमिकाको अपेक्षा गर्दछन् ताकि घरेलु हिंसाबाट पीडित महिलाहरूले आफूलाई संरक्षित गर्न सकून्।

दोस्रो, घरेलु हिंसालाई फौजदारी कानूनको दायराभित्र ल्याइनुपर्दछ भनेर आफ्ना तर्क राख्नेहरू हिंसा अपराध हो, अपराध गर्नेहरू जोसुकै हुन् त्यसको खास अर्थ नरहने कुरामा विश्वास राख्छन्। उनीहरू घरेलु हिंसालाई अन्य अपराधलाई जस्तै गम्भीर अपराधको रूपमा हेरिनुपर्ने र यसो गरेको अवस्थामा मात्र समस्याले उपयुक्त निकास पाउन सक्षम हुन सक्छ भन्ने मान्यतामा विश्वास गर्दछन्।

विभिन्न महासन्धिले घरेलु हिंसा नियन्त्रणका लागि विभिन्न व्यवस्था गरेका छन् तर घरेलु हिंसालाई सार्वजनिक गर्न नसके नियन्त्रणको प्रयास सार्थक हुन सक्दैन। राष्ट्रिय कानूनलेसमेत घरेलु हिंसालाई कसूरको रुपमा परिभाषित गरी दण्ड सजायकोसमेत व्यवस्था गरेका छन् तर पनि घरेलु हिंसाका घटनाहरु दिनानुदिन बढ्दो क्रममा रहेको समाचार प्रकाशन भइरहेको देखिन्छ। कानूनी व्यवस्था तयार गर्नु मात्र पर्याप्त हुँदैन, ती कानूनी व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको आवश्यकता पर्दछ। यसका लागि समग्र सरोकारवाला र नागरिक समाजको साझा प्रयास र प्रतिवद्धता आवश्यकता पर्दछ। घरेलु हिंसा नेपालको लागि एक जटिल सामाजिक अभिशाप हो। यसको समाधानका लागि कानुनी, सामाजिक र आर्थिक हस्तक्षेप आवश्यक छ। सरकार, नागरिक समाज र अन्तर्राष्ट्रिय संस्थाहरूको समन्वयले मात्र यस समस्यालाई नियन्त्रण गर्न सक्छ।

## सन्दर्भ सामग्री

**संविधान / ऐन / नियम**

- नेपालको संविधान
- घरेलु हिंसा (कसूर तथा सजाय) ऐन, २०६६
- घरेलु हिंसा (कसूर तथा सजाय) नियमावली, २०६७

**अन्तर्राष्ट्रिय दस्तावेजहरु:**

- नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६
- महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९
- यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार र दण्ड विरुद्धको महासन्धि, १९८४

**अन्य**

- नेपाल कानून पत्रिका
- "मानवअधिकारसम्बन्धी स्रोत सामग्री", राष्ट्रिय न्यायिक प्रतिष्ठान, २०६५